# सदस्य केन्द्रीयता सूचकाङ्क : सहकारीपनको मापक

## १. परिचय

सहकारी संस्थाको मूल्याङ्कन सदस्यहरूको उन्नयनका अर्थमा हुनुपर्दछ ।  विशेषत: वैयक्तिक सशक्तीकरण, सामाजिक पुँजी सिर्जना र प्राकृतिक स्रोत संरक्षण गरी तीनोटा आयाममा उन्नयनलाई हेर्न सकिन्छ । सहकारी कार्यबाट तीनैतिर प्रभाव परिरहेको हुन्छ, जसको लेखाजोखा गर्न सकिन्छ र गरिनु पनि पर्दछ । खर्चिलो विस्तृत सर्वेक्षण प्रत्येकपल्ट गर्न सकिने हुँदैन । अन्तरिममा सहकारी गतिविधिहरूको प्रभाव जानिराख्ने विकल्पको रूपमा विभागबाट सदस्य केन्द्रीयता सूचकाङ्क विकास गरिएको हो ।

## २. विशेषता

सदस्य केन्द्रीयता सूचकाङ्कका पाँचोटा विशेषता छन् ।

### क. सरल

जम्मा तीनोटा सूचकहरू समावेश गरेर सूचकाङ्क बनाइएको छ । गणना सूत्रहरू पनि सुबोध्य छन् ।

### ख. लागत प्रभावकारी

आवश्यक सूचना यथाशक्य मौजुदा अभिलेखबाटै उपलब्ध होस् भन्ने ख्याल राखिएको छ । केही विस्तृति चाहिएला – खर्चिलो सूचना सङ्कलन गर्नुपर्दैन ।

### ग. भरपर्दो

सूचकहरू परिमाणात्मक छन् । सूचना र गणनामा द्विविधा नपर्ने गरी परिभाषासमेत दिइएको छ ।

### घ. जोडयोग्य

प्रत्येक सूचक निरन्तर चर (Continuous variable) को रूपमा छ,  जसले ० देखि १०० सम्मको मान लिन सक्तछ । जोडयोग्यता (Additive property) भएकाले सूचक औ सूचकाङ्कअनुसार विश्लेषण एकाइ (Unit of analysis) को क्रम कायम गर्न सकिन्छ ।

### ङ. गोश्वारा

व्यावसायिक विविधताबीच सहकारीपन समात्ने गरी सूचकहरू चुनिएका छन् । सूचकाङ्क प्रयोग गरेर जुनसुकै संस्थाको मान निकाल्न र अर्को जुनसुकै संस्थासँग तुलना गर्न सकिन्छ ।


## ३. मान्यता

सहकारी संस्था सदस्यहरूका लागि हो; अरू कसैका लागि होइन । त्यसो भए सहकारी संस्था सदस्यहरूको बलमा खडा हुनुपर्दछ, सदस्यहरूको बुद्धिले चल्नुपर्दछ  र सदस्यहरूकै व्यवहारोपयोगी बन्नुपर्दछ । प्रकारान्तरले सौजन्यमा प्राप्त भएको, सेवा केन्द्रझैँ सञ्चालनमा रहेको र सदस्य नबने पनि व्यावसायिक सेवा दिने गरेको संस्था सहकारी हुँदैन । सहकारीपनको न्यूनतामा केही समय व्यवसाय चल्ला तर पछिसम्म टिकाउ हुँदैन – न त संस्थाका सदस्यमाझ – र त्यसउसले समुदायमा – सहकारी प्रभाव (Co-operative effect) नै प्रकट हुन्छ । सूचकाङ्क विकास गर्दा यिनै मान्यताहरू (Assumptions) राखिएका छन् ।

## ४. रचना

सहकारी सदस्य केन्द्रीयताका तीनोटा सूचक पहिल्याइएका छन् । सूचकहरू आफैँमा महत्वपूर्ण छन् र आपसमा परिपूरक पनि । संस्थापकीय सरोकार भए सञ्चालकीय सक्रियता अनि संरक्षकीय सम्बन्धन सुगम हुन्छ । त्यस्तै, संरक्षकीय सम्बन्धन हुँदा संस्थापकीय सरोकार अनि सञ्चालकीय सक्रियता निम्तिन्छ । एउटा सूचकको असर अर्कोमा स्वतः भने पर्दैन । भनाइको अर्थ, सूचकहरू स्वतन्त्र पनि छन् । तीनैतिर गति हुँदा प्रगति हुन्छ । सदस्यको उन्नयन त्यै प्रगतिको उपज हो अथवा हो भन्ने सूचकाङ्कको रचनात्मक मान्यता रहेको छ ।

प्रत्येक सूचकलाई एउटा आयामको प्रतीक मानेर सम्पूर्णमा पनि हेर्न सकिन्छ (चित्र) ।




चित्र : सदस्यको सहकारी संस्था

## ५. परिभाषा

सूचकाङ्कमा प्रयुक्त सूचकहरूको सारजन्य (Constitutive) का  साथै व्यवहारजन्य (Operational) परिभाषा लगाउन सकिन्छ ।

### क. संस्थापकीय सरोकार

'संस्थापकीय सरोकार' भनेको संस्थाको रचना र पुनःरचनामा [१] सदस्यको स्रोत संयोग हो ।

कार्यमूलक रूपमा–

'संस्थापकीय सरोकार' भन्नाले संस्थाले उपयोग गरेको पुँजीमा सदस्यको पुँजीको अंसलाई मानिएको छ ।

सूत्रमा–

$$\text{संस्थापकीय सरोकार} = \frac{\text{सदस्यको पुँजी रु.}}{\text{जम्मा पुँजी } \{\text{सदस्यको पुँजी} + \text{सदस्यको नियमित बचतको ३५\% मा (अंसधन} + \text{संस्थागत पुँजी) भन्दा बढी भएको रकम}\} + \text{अन्य बचत} + \text{तिर्नुपर्ने ऋण}} \times १०० = 0 - १००\%$$

जहाँ सदस्यको पुँजी =

बचत परिचालन नगर्ने संस्थामा : (अंसघन + संस्थागत पुँजी)

---

[१] रचना र पुनः रचना शब्दहरू Talcott Parsons का हुन् (हेर्नुहोस्,  Amitai Etzioni, Modern Organizations, Englewood Cliffs, N. J. : Prentice-Hall, 1964), पृ. ३ ।

नियमित बचतसमेत बचत परिचालन गर्ने संस्थामा : [{(अंसघन + संस्थागत पुँजी) वा सदस्यको नियमित बचतको ३५% मा जुन घटी हुन्छ सो + (सदस्यको नियमित बचत) × ६५%} वा [संस्थागत पुँजीमा जुन बढी हुन्छ सो]

नियमित बचतविना बचत परिचालन गर्ने संस्थामा : संस्थागत पुँजी

संस्थागत पुँजी : जगेडा कोष + घाटापूर्ति कोष

**<u>स्पष्टीकरण</u> :** नियमित बचत परिचालन गर्ने संस्थामा 'सदस्यको पुँजी' भन्नाले सदस्यको तटस्थ स्रोत संयोग बिन्दुमाथिको अंसधन, संस्थागत पुँजी र नियमित बचतको जुनसुकै अनुपात सम्झनुपर्दछ। [२]

संस्थापकीय सरोकारले सदस्यको अंसियारी बोध हुन्छ, जुन स्वावलम्बनको प्रतीक र दिगोपनको जनाउ हुन्छ।

**ख. सञ्चालकीय सक्रियता**

'सञ्चालकीय सक्रियता' भनेको संस्थाका कामकुरामा सदस्यको वैचारिक संयोग हो।

कार्यमूलक रूपमा–

'सञ्चालकीय सक्रियता' भन्नाले संस्थाको बैठकमा सदस्यको अपेक्षित उपस्थितिको तुलनामा वास्तविक उपस्थितिलाई मानिएको छ।

**सञ्चालकीय सक्रियता** =

$$\frac{\text{वर्षमा सदस्य बैठक (साधारण सभा + विशेष साधारण सभा + विस्तारित मञ्च) मा उपस्थित सदस्य}}{\{(\text{वर्षारम्भका जम्मा सदस्य + वर्षान्तका जम्मा सदस्य})/२\}\times ६ \text{ वा वर्षमा सदस्य बैठकमा उपस्थित सदस्यमा जसको सङ्ख्या बढी हुन्छ सो।}} \times १०० = ० - १००\%$$

**<u>स्पष्टीकरण</u>** : 'विस्तारित मञ्च' भन्नाले संस्थाको तर्फबाट साधारण सदस्यहरूलाई डाकिएको जुनसुकै स्तर वा प्रकारको परामर्श सभा सम्झनुपर्दछ। [३]

सञ्चालकीय सक्रियताबाट सदस्य सहभागिता ज्ञात हुन्छ, जुन लाभको प्रतीक र सहकारी प्रभाव (Co-operative effect) को ज्ञापक पनि हो।

**ग. संरक्षकीय सम्बन्धन** संस्थाको माध्यममा सदस्यहरूको व्यावसायिक संयोग नै 'संरक्षकीय सम्बन्धन' हो।

---

[२] तटस्थ स्रोत संयोग यस्तो तल्लो बिन्दु हो जहाँदेखि माथि सदस्यहरू आफ्नो पैसा संस्थाको बचत खाता वा सेयर खातामा राख्न निर्विभेद (Indifferent) हुन्छन्। सदस्यहरूले जसै संस्था 'मेरै हो' भन्ठान्छन् तसै संस्थाको सेयर किन्नु वा संस्थामा बचत जम्मा गर्नुमा अथवा सेयरमा लाभांश बाँड्नु वा जगेडा कोषमा रकम थप्नुमा फरक देख्दैनन्। यो सैद्धान्तिक बिन्दु यहींनेर पर्दछ भन्न त मुस्किल छ तर कतै न कतै अवश्य पर्दछ। गणना प्रयोजनका लागि यहाँ यदि संस्थाले नियमित – अर्थात् मासिक वा जस्तै नियमित प्रकारको – बचतमात्र परिचालन गरेको छ भने संस्थागत पुँजी (जगेडा कोष र घाटापूर्ति कोष) १५ प्रतिशत र सेयर पुँजी २० प्रतिशत वा तलमाथिको अनुपात गरी न्यूनतम ३५ प्रतिशत पुग्दा स्वामित्वको त्यस्तो भाव मिल्दछ भनी मानिएको छ। तदनुसार ६५ प्रतिशतसम्मको नियमित बचतलाई सदस्यकै स्वामित्वको ज्ञापक सम्झी सूत्रमा समायोजन गरिएको हो।

[३] महिला संस्थाको गाउँभित्रका सदस्यहरूको, विद्युत् संस्थाको ट्रान्सफर्मरअन्तर्गतका सदस्यहरूको र कृषि संस्थाको सङ्कलन केन्द्रपायकका सदस्यहरूको मासिक बैठक विस्तारित मञ्च (Extended forums) का उदाहरण हुन्। बहुउद्देश्यीय संस्थामा उत्पादक, उपभोक्ता र श्रमिक सदस्य समूहमा नियमित बैठकको चलन चलाएर विस्तारित मञ्च खडा गर्न सकिन्छ। कार्यक्षेत्रभित्र ठाम-ठाममा सहभागितामूलक लेखाजोखा (Participatory appraisal), योजना तर्जुमा, कार्यान्वयन समीक्षा बैठकहरू राखी जुनसुकै संस्थाले विस्तारित मञ्च सिर्जना गर्न सक्तछ। सञ्चालक समितिले आफ्नै बैठकमा खास सदस्य समूहहरूलाई डाकेर परामर्श गर्दा पनि विस्तारित मञ्च बन्दछ। सदस्य जुटेका थिए भन्दैमा सदस्य शिक्षा शिविर, प्रशिक्षण क्रियाकलाप वा सदस्यलाई सूचना दिने, उत्प्रेरित गर्ने वा सदस्यको गुनासो सुन्ने खालका भेला भने विस्तारित मञ्चमा गनिन्नन्। विस्तारित बैठक मानिनका लागि जम्मा भएका सदस्यहरूको निष्कर्ष संस्थाको नीति, विधि, विनियोजनका निर्णयमा प्रभावी बनाउने हेतुको परामर्श हुनुपर्दछ।

कार्यमूलक रूपमा–

'संरक्षकीय सम्बन्धन' भन्नाले संस्थाको मूल व्यावसायिक सेवाको सदस्यीय उपयोगलाई मानिएको छ।

**संरक्षकीय सम्बन्धन** =

### ग-१. उत्पादक संस्था

सदस्यहरूसँगको वार्षिक खरिद रु.
x १०० = ० -१००%
जम्मा सदस्यतर्फी वार्षिक खरिद वा रु. ९३,९९३ × सदस्य सङ्ख्यामा जुन बढी हुन्छ सो ४

**स्पष्टीकरण :** 'सदस्यतर्फी खरिद' भन्नाले सदस्य वा गैरसदस्य जोसुकैबाट होस् सदस्यको उत्पादनको बजार व्यवस्था मिलाउने सिलसिलामा संस्थाले गरेको खरिदलाई सम्झनुपर्दछ। [५]

### ग-२. उपभोक्ता संस्था - वित्तीय सेवा

वर्षभरि कम्तीमा एकपल्ट ऋण प्राप्त गर्ने सदस्य सङ्ख्या ६
x १०० = ० -१००%
(वर्षारम्भका जम्मा सदस्य सङ्ख्या + वर्षान्तका जम्मा सदस्य सङ्ख्या)/२

### ग-३. उपभोक्ता संस्था - आधारभूत निर्वाह

सदस्यलाई वार्षिक विक्री रु.
x १०० = ० -१००%
जम्मा सदस्यतर्फी वार्षिक विक्री रु.७ वा रु. ९३,९९३ × सदस्य सङ्ख्या/ ५ मा जुन बढी हुन्छ सो ८

### ग-४. उपभोक्ता संस्था - परिपूरक निर्वाह

सदस्यलाई वार्षिक विक्री रु.
x १०० = ० -१००%
जम्मा सदस्यतर्फी वार्षिक विक्री रु. वा रु. (९३,९९३ × सदस्य सङ्ख्या)/१० मा जुन बढी हुन्छ सो ९

### ग-५. कामदार सस्था

---

[४] नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०१०/११ (ई.) मा प्रयुक्त गरिबी-रेखाको वार्षिक आम्दानी प्रतिव्यक्ति रु. १९,२६१ लाई परिवारको औसत आकार ४.८८ ले गुना गरेर सदस्यको पारिवारिक निर्वाहका लागि आवश्यक विक्री बराबर संस्थाको वार्षिक खरिदको न्यूनतम रकम कायम गरिएको छ।

[५] उदाहरणका लागि दूध कृषकको संस्थाले गैरसदस्यको दूध किनेको भए तापनि दूध खरिद जम्मै सदस्यतर्फी हुन्छ तर सदस्यलाई नै बेच्ने भनेर किनेको दाना सदस्यतर्फी खरिदमा पर्दैन (बजारतर्फी खरिदमा पर्दछ)। सदस्यतर्फी खरिदमा व्यावसायिक सेवाको उद्देश्य निर्धारक हुन्छ। अघि भनिएको दानाकै कुरो गरौं न ! संस्थाका सदस्यमध्ये केहीले संस्थाले बजारमा किनेजस्तो दाना बनाएका र संस्थाले किनेको हुन सक्तछ। तैपनि त्यस्तो खरिद सदस्यतर्फी मानिँदैन – बजारतर्फी नै मानिन्छ। कारण त्यहाँ सेवा सञ्चालनको उद्देश्य सदस्यहरूलाई आवश्यक दाना विक्री हो। सदस्यहरूको अनाजका खेर गइरहेका सहउत्पादन (धानको ढुटो, मकैको भुस, तोरीको खली इत्यादि) को मूल्य दिलाउने हेतुले संस्थाले दाना उद्योग चलाएको खण्डमा फेरि त्यस्तो खरिद सदस्यतर्फी हुन्छ।

[६] कुनै सदस्यले वर्षमा एकपल्ट लिएको ऋण चुक्ता गरी पुनः ऋण लिएको भए पनि गिन्ती एक जनाकै हुन्छ। सदस्यहरू संस्थाको मूल व्यावसायिक सेवासँग कत्तिको गाँसिएका छन् भनेर हेर्न खोजिएकाले दोहोरो पार्न मिल्दैन। साथै बचत परिचालन संस्थाको व्यावसायिक सेवा बचत सङ्कलन पनि हो तर त्यस्तो संस्था सुलभ ऋणका खातिर खोलिने भएकाले मूल व्यावसायिक सेवा भने ऋण प्रवाह नै हुन्छ। बचत राख्ने मात्र भए त अंसधन (Share) किन्ने मात्रझैं भयो; प्रयोजनीय सम्बन्धन भएन। त्यस्तै, मागेका जम्मैले ऋण नपाउने हुँदा पनि सम्बन्धनमा संस्थापट्टिबाट कम्ती हुन्छ, जसको मापन सूचकले गरेको छ।

[७] पाद टिप्पणी ५ मा सदस्यतर्फी खरिदका हकमा भनिएझैं सदस्यतर्फी विक्रीमा पनि व्यावसायिक सेवाको उद्देश्य हेर्नुपर्ने हुन्छ। उपभोक्ता भन्डारको उदाहरणमा गैरसदस्यले नै किनेको भए तापनि चिनी सदस्यतर्फी विक्री मानिन्छ भने सदस्यले नै किनेको भए तापनि त्यै चिनी राखेको बोरा सदस्यतर्फी विक्री मानिँदैन।

[८] सूचकाङ्कको प्रयोजनार्थ आधारभूत आवश्यकताका पाँच शीर्षक – गाँस (Food), बास (Shelter), कपास (Clothing), शिक्षा (Education) र ओखतीमूलो (Medicine) आधारभूत निर्वाह र परिपूरक निर्वाह गरी दुई उपशीर्षकमा छुट्ट्याएको छ। सरलताका लागि पाद टिप्पणी ४ मा उल्लिखित न्यूनतम निर्वाहको उपभोग खर्चको पाँच खण्डको एक खण्ड आधारभूत निर्वाहतर्फ खाद्यान्नलगायतका दैनिक आवश्यकताका चिजबिजमा बराबरै पर्ने अनुमानमा न्यूनतम वार्षिक विक्री निर्धारण गरिएको छ।

[९] परिपूरक निर्वाह सेवामा स्वास्थ्य, आवास, यातायातलगायत पर्दछन्। आधारभूत निर्वाहमा परिपूरक सेवा स्वतः पर्ने पनि ध्यानयोग्य छ। जस्तै- विद्यालय जातेआते यातायात खर्च शिक्षाकै खर्चतर्फ पर्दछ। त्यस्तै, आवास खर्चभित्रै बिजुलीको खर्च आइहाल्दछ। जे होस्, त्यस्ता सेवामा सदस्यको उपभोग खर्चको दश खण्डको एक खण्ड पर्दछ भनी मानेर वार्षिक विक्रीको न्यूनतम रकम कायम गरिएको छ।

$$\frac{\text{सदस्यलाई वार्षिक पारिश्रमिक भुक्तानी रु.}}{\text{जम्मा सदस्यतर्फी वार्षिक पारिश्रमिक रु. वा रु. ९३,९९३ × सदस्य सङ्ख्यामा जुन बढी हुन्छ सो}} \times १०० = ० - १००\%$$ [10]

## ग- ६. बहुउद्देश्यीय संस्था

$$\frac{\text{(ग-१+ग-२) + (ग-३ वा ग-४ मा जुनको मान बढी हुन्छ सो) + (ग-५)}}{४} = ० - १००\%$$

जहाँ सदस्य सङ्ख्या भन्नाले–

ग-१ मा जम्मा उत्पादक सदस्यको सङ्ख्या;
ग-२ मा जम्मा बचतकर्ता सदस्यको सङ्ख्या;
ग-३ मा जम्मा आम उपभोक्ता सदस्य सङ्ख्या र
ग-४ मा जम्मा कामदार सदस्य सङ्ख्या सम्झनुपर्दछ
तर एक जना सदस्यको एकैतिर मात्र गणना गरिएको हुनुपर्दछ ।

## ६. सूचकाङ्कको मान

तीनोटै सूचकहरूको मानको अभारित औसतका रूपमा सूचकाङ्कको मान निस्किन्छ ।

$$\text{सूचकाङ्क} = \frac{\text{तीनोटै सूचकहरूको जम्मा}}{३} = ० - १००\%$$

## ७. स्तराङ्कन

सूचकाङ्कअनुसार दिइएको संस्थाको स्तर देहायबमोजिम पहिल्याउन सकिन्छ :

| | |
|---|---|
| $\leq$ ३० | : अनिश्चित |
| ३०-४४ | : साधारण |
| ४५-५९ | : मध्यम |
| ५९-७४ | : उत्तम |
| $\geq$ ७५ | : अन्युत्तम । |

♣♣♣

[10] पाद टिप्पणी ४ मा उल्लिखित न्यूनतम उपभोग खर्चको रकम बराबर नै प्रतिसदस्य पारिश्रमिक पनि पुग्नुपर्दछ भन्ने मानिएको छ ।